आज मिति २०७६ साल कार्तिक २८ गतेका दिन बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी निम्न बमोजिमको उपस्थितीमा निम्न बमोजिमको छलफल एवं निर्णयहरु गरियो।

उपस्थिती

१, प्रमुख श्री गुमान सिंह अर्याल
२ उप प्रमुख श्री लक्ष्मीदेवी अधिकारि
३, वडाअध्यक्ष वडा नं १ श्री बलराम श्रेष्ठ
४ " " २ श्री गणेशबहादुर कडेल (खत्री)
५. " " ३ श्री सूर्यकुमार श्रेष्ठ
६ " " ४ श्री लालबीर गुरुङ
७ " " ५ श्री बम बहादुर गुरुङ
८ " " ६ श्री भोजबहादुर रिमाल
९. " " ७ श्री गोविन्द बहादुर वस्नेत
१०. " " ८ श्री पवित्रा थापा राना
११. " " ९ श्री सरद बराल
१२ " " १० श्री पूर्ण बहादुर थापा
१३ " " ११ श्री अच्युतबाबु ज्ञवाले
१४ कार्यपालिका सदस्य श्री बिष्णु माया राना
१५ " " श्री मन्दिरा दनाई
१६ " " श्री देव बहादुर गहतराज
१७ श्री अजय गजोबोरी
१८ " " श्री गतमाया गुरुङ
१९ " " श्री दोज बहादुर खवास
२० " " श्री कृष्णा नेपाली
२१ " " श्री आशा तामाङ
२२ सदस्य सचिव श्री मोहन प्रसाद मरासिनी
~~२३~~ सहभागी
२३ कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
२४ अधिकृत श्री ईश्वर कमल श्रेष्ठ

*कार्यपालिकाको मिति २०७६ कार्तिक २८ गतेको (४२ औं) बैठकका निर्णयहरु*

**निर्णय नं. १ : लागत साझेदारीमा सञ्चालन गरिने सामुदायिक भवन तर्फका योजनाहरुको सम्बन्धमा ।**

चालु आव २०७६।०७७ मा स्थानीय समुदायसंगको ५० प्रतिशत लागत साझेदारीमा निर्माण तथा स्तरोन्नति गरिने सामुदायिक भवनतर्फका योजनाहरुको सम्बन्धमा छलफल हुँदा तोकिएको म्याद भित्र पर्न आएका निवेदनहरुको माग रकमको तुलनामा नगरसभाबाट विनियोजित रकम अपर्याप्त भएको हुँदा थप अध्ययन गरी आगामी बैठकबाट टुंगो लगाउने निर्णय गरियो ।

**निर्णय नं. २ : लागत साझेदारीमा कालोपत्रे गरिने सडकहरुको सम्बन्धमा ।**

विगतमा झैं चालु आव २०७६।०७७ मा स्थानीय समुदायको ४० प्रतिशत र नगरपालिकाको ६० प्रतिशत लागत साझेदारीमा कालोपत्रे गरिने सडकहरुको सम्बन्धमा छलफल हुँदा देहायका सडकहरुको लागत इष्टिमेट तयार गरी र सोही आधारमा आगामी कार्यपालिका बैठकबाट आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

**देहाय :**

१. ठमेलमार्गको गाउँशहरचोकदेखि ठाकुर बरालको घडेरीसम्मको सडक कालोपत्रे, बेसीशहर नपा ८

२. विनायक पथ (मोहन अधिकारी र सुमित्रा गुरुङको विचबाट) ठमेलमार्ग सडक कालोपत्रे, बेसीशहर नपा ८

३. वाणिज्यमार्ग कालोपत्रे बेसीशहर ७

४. चत्रपथदेखि लिल बहादुर रिमालको घरसम्मको ढलान बेसीशहर नपा ८

५. बुद्ध मेमोरियल बोर्डिङदेखि माथि सडक जोड्नेसम्मको सडक ढलान बेसीशहर नपा ८

६. युनिभर्सल चोक देखि खड्का बहादुर थापाको घरसम्म जाने सडक बेसीशहर नपा ७

७. राममन्दिरदेखि २ नं वडा कार्यालयसम्मको सडक बेसीशहर नपा २

**निर्णय नं. ३ : युवा लक्षित सीपमूलक तालिम सम्बन्धमा**

चालु आव २०७६।०७७ मा पुरुष तथा महिला युवा लक्षित सीपमूलक तालिमतर्फ विनियोजित बजेटबाट देहाय वमोजिमको तालिम बेसीशहर २ मा अवस्थित लमजुङ सीप विकास प्रतिष्ठान गैरी क्याम्पस मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

**क. १२ महिने लेभल २ प्राविधिक तालिम** ( ३ महिना ओजेटी समेत गरी १५ महिना हुने सव ओभरसियर सरहको) ४० जना

प्रति सहभागी कुल शिक्षण शुल्क : रु ६० हजार

प्रति सहभागी नगरपालिकाले व्यहोर्ने : ५० हजार

**ख. ३ महिने लेभल १ सीपमूलक तालिम**

कार्पेन्ट्री एण्ड डेकोरेशन : २० जना

बिल्डिङ इलेक्ट्रीसियन : २० जना

मेसोन : २० जना

जम्मा सहभागी : ६० जना

प्रति सहभागी नगरपालिकाले व्यहोर्ने रु १५ हजार

१० दिनको म्याद राखी यस सम्बन्धी सूचना प्रकाशन गरी आवेदन वडा कार्यालय तथा नगरपालिकमा संकलन गर्ने ।

निर्णय नं. ४ : प्राविधिक धारतर्फका विद्यालयको अनुदान सम्बन्धमा ।

गत नगरसभाबाट शिक्षा क्षेत्र अन्तर्गत प्राविधिक धारका विद्यालय अनुदान शिर्षकमा एकमुष्ठ विनियोजित रकम रु. दश लाख यस नगरपालिका भित्र प्राविधिक कक्षा सञ्चालन गरिरहेका देहायका विद्यालयहरुलाई देहाय अनुसार विनियोजन गर्ने निर्णय गरियो ।

देहाय :

१ जनविकास मावि बेसीशहर नपा ७ रु. ५०००००।-

२ जनकल्याण मावि चिती बेसीशहर नपा ११ रु. ५०००००।-

निर्णय नं. ५ : प्लस टु सञ्चालन भएका तर दरबन्दी नपाएका विद्यालयलाई सहयोग सम्बन्धमा

बेसीशहर नगरपालिका भित्र कक्षा एघार र बाह्र सञ्चालन गरेका तर हालसम्म दरबन्दी नपाएका देहायका विद्यालयहरुलाई चालुतर्फको शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट देहाय बमोजिमको रकम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

देहाय :

१ जनकल्याण मावि उदीपुर बेनपा १ रु. ५०००००।-

२ गंगामिलन मावि मकैडाँडा बेनपा ६ रु. ५०००००।-

निर्णय नं. ६ : सडक बोर्ड तर्फको योजना सम्बन्धमा ।

सडक बोर्ड नेपालको मिति २०७६।५।१२ च.नं ४४० को प्राप्त पत्रानुसार यस बेसीशहर नगरपालिकाको सडक मर्मत सम्भार कार्यको लागि स्वीकृत भएको रकम रु ४५०००००।- (पैंतालीस लाख मात्र) सडक बोर्डको सडक मर्मत सम्भार कार्यक्रम कार्यान्वयन मार्गदर्शन पालना गर्दै आवश्यक समपुरक कोष समेत समावेश गरी कार्यान्वयन गर्नको लागि देहायको सडक योजना छनौट गर्ने निर्णय गरियो ।

देहाय :

१. प्रगतिटोल पुछार देखि मर्स्याङ्दी नदी मोटरेवल पुलसम्मको सडक स्तरोन्नति बेसीशहर नपा ८

निर्णय नं. ७ : कृषितर्फ मिनिट्रेलर (हाते ट्याक्टर)को लागि थप बजेट सम्बन्धमा ।

चालु आवमा कृषि यान्त्रिकरण तथा उपकरण सहयोग शिर्षकबाट विनियोजित बजेटबाट खरीद गर्न लागिएको मिनि ट्रेलर (हाते ट्याक्टर) सम्बन्धमा यसको माग अत्याधिक रहन गएको हुँदा उक्त शिर्षकमा विनियोजित रकमका अलावा फुटकर शिर्षकबाट समेत रु १५ लाख विनियोजन गरी प्रक्रिया बमोजिम खरीद गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : नगरपालिका भित्र डिजिटल डिस्प्ले बोर्ड जडान गर्ने सम्बन्धमा ।

नगरकार्यपालिकाको प्रशासकीय भवन रहेको स्थानबाट सेवाग्राहीहरुलाई नगरपालिकाको सूचना, सन्देश, जानकारीमूलक सामाग्री प्रस्तुत गर्नको लागि डिजिटल डिस्प्ले बोर्ड जडान गर्ने निर्णय गरियो । यसको लागि फुटकर शिर्षकबाट रु ३ लाख २५ हजार विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : एक गाउँ एक प्राविधिक कार्यक्रमको सम्बन्धमा ।

एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गत कार्यरत प्राविधिकहरु लक्ष्मी रिमाल, विरजंग गुरुङ र सुविन दुराको करार सेवाको म्याद २०७६ पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको देहायका निर्देशिकाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

*देहाय*

क.एम्बुलेन्स सञ्चालन निर्देशिका २०७६

ख. जलश्रोत उपयोग तथा व्यवस्थापन निर्देशिका २०७६

**निर्णय नं. ११ : उपभोक्ता समितिमार्फत सञ्चालन गर्न अनुरोध भै आएको योजनाको सम्बन्धमा ।**

चालु आव २०७६।०७७ मा नगरपालिकाले रु १० लाख भन्दा बढीका योजनाहरु टेण्डर सिष्टमबाट कार्यान्वयन गर्ने भनिएकोमा बेसीशहर १० का देहायका योजनाहरु विविधि कारणले उपभोक्ता समितिबाट नै सञ्चालन गर्न उपयुक्त देखिएको हुँदा वडा समितिको निर्णय समेतका आधारमा सम्बन्धित उपभोक्ता समितिबाटै कार्यान्वयन गराउने निर्णय गरियो ।

**देहाय :**

क.रेडक्रसपुल जाने सडकदेखि पांग्रेक्युसम्मको मोटरबाटो निर्माण

ख.रेडक्रसपुलदेखि खाँचे हुँदै चित्रेडाँडा बराहपोखरी सडक निर्माण

**निर्णय नं. १२ : ८ नं वडा कार्यालय भवनको बाँकी कामको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ८ को नारायणस्थानमा निर्माणधिन वडा कार्यालय भवनको इष्टिमेटमा छुट भएका बाँकी कार्यहरु (भुइँमा टायल, फल्स सिलिङ) को लागि लागत इष्टिमेट गरी प्रक्रिया वमोजिम कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १३ : सडक मर्मत सम्भारको भुक्तानी सम्बन्धमा ।**

वर्षाको समयमा विग्रे भत्केका सडकहरु दशैंको समयमा मर्मत कार्य गर्ने सिलसिलामा नगरपालिकाको मात्र डोजरले भ्याउन नसकी अन्य कम्पनीहरुको डोजर समेत उपयोगमा ल्याइ सडक मर्मत कार्य गरिएको हुँदा सो डोजरहरुको प्रति घण्टा भ्याट सहित रु २२००।- का दरले हुन आउने रकम भुक्तानी दिने निर्णय गरियो ।